स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
लुम्बिनी प्रदेश
मुकामः बुटवल, नेपाल

# कोभिड-१९ सञ्चार माध्यम निगरानी (Media monitoring)
## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## लुम्बिनी प्रदेश

**मितिः भाद्र १६, २०७८ (सेप्टेम्बर १, २०२१)**
**बुटवल, रुपन्देही**

### कोभिड -१९ सम्बन्धी प्रमुख जानकारी

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेशको भाद्र १५ गतेको तथ्याङ्कका आधारमा यस प्रदेशमा कुल ११०००२ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ। गत हप्ताको तुलनामा यो हप्ता सक्रिय संक्रमित १० प्रतिशतले बढेको छ (कुल सक्रिय संक्रमित- १४०८)। त्यस्तै, यो हप्ता रुपन्देही (३८२) बाहेकका सबै जिल्लामा २०० भन्दा कम सक्रिय संक्रमित रहेका छन्। अघिल्लो हप्ता जस्तै, गत २४ घण्टामा सबै भन्दा धेरै रुपन्देहीमा, २४ जना नयाँ संक्रमित थपिएका छन्। हालसम्म प्रदेशमा २१७७ जनाको मृत्यु भएको छ र पछिल्लो २४ घण्टामा ३ जना संक्रमितको मृत्यु भएको छ। हाल १६१ जना संक्रमितहरु प्रदेशका विभिन्न अस्पतालहरुमा उपचाररत छन्।


‘दुई तिहाइभन्दा बढी नेपालीमा एन्टिबडी’

1.4K SHARES

संग्रह

भाद्र १४, २०७८ | अतुल मिश्र

अहिलेसम्म ७ लाख ५९ हजारमा कोभिड संक्रमण पुष्टि भए पनि वास्तविक रुपमा कैयौं गुणा बढी संक्रमित भएको, उनीहरुमा लक्षण नदेखिएको वा देखिए पनि परीक्षण नभएको

- स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाकाले कोभिड–१९ संक्रमणको दोस्रो राष्ट्रिय ‘सेरो प्रिभ्यालेन्स’ सर्वेक्षणआषाढ २१ देखि श्रावण ३० गतेसम्म गरेको थियो र सर्वेक्षणमा ६ महिनाभन्दा बढी उमेरका व्यक्तिहरूबाट संकलित नमुनामध्ये १३ हजार १ सय ६१ जनाको परीक्षण तथा विश्लेषण गर्दा ६८.६ प्रतिशत व्यक्तिमा कोभिड-१९ को एन्टिबडी देखिएको महाशाखाले जनाएको छ। कोभिड-१९ विरुद्ध एन्टिबडी देखिएका ६८.६ प्रतिशतमध्ये करिब साढे १० प्रतिशतमा खोपले गर्दा एन्टिबडी देखियो भने ५८ प्रतिशतमा आफैं प्राकृतिक रूपमा संक्रमित भएर निको भएकाहरु रहेको जनाएको छ। (स्रोतः कान्तिपुर दैनिक, भाद्र १४, २०७८)
- कोरोना महामारीका समयमा कोभिड र ननकोभिड सेवा प्रवाहलाई प्रभावकारी बनाउँन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मन्त्रालयका प्रमुख विशेषज्ञ डा. दिपेन्द्ररमण सिंहको संयोजत्वमा १५ सदस्यीय विज्ञ समिति गठन गरेको छ। जारी महामारी र सम्भावित तेस्रो लहरमा कोभिड नियन्त्रणलाई प्रभावकारी पार्नका लागि जनस्वास्थ्य र क्लिनिकल विशेषज्ञसमेत सम्मिलित उच्चस्तरीय समिति गठन गरिएको हो। विज्ञ समितिलाई कोरोना नियन्त्रणका

लागि प्रयोग भएका रणनीति, कार्यदिश, निर्देशिका, कार्यविधि, मापदण्डको मुल्यांकन गरी परिमार्जन सुझावदेखि उपचार अवस्थाको अनुगमन, औषधि उपकरणको समुचित प्रयोगको अनुगमन समेत गर्ने अधिकार दिइएको छ। (स्रोतः हेल्थ पोस्ट, भाद्र १४, २०७८)

https://www.healthpostnepal.com/2021/08/30/45788/

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले भाद्र १० गते विज्ञप्ति जारी गर्दै कक्षा १२ र सोभन्दा माथिका विभिन्न तहका परीक्षामा सहभागी हुने विद्यार्थीका लागि कोभिड–१९ विरुद्धको खोप उपलब्ध गराइएको जानकारी दिएको छ। मन्त्रालयले अठार वर्ष वा सोभन्दा बढी उमेर समूहका सबै परीक्षार्थीले राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, विभिन्न विश्वविद्यालय तथा प्रतिष्ठानबाट उपलब्ध गराइएको प्रवेशपत्रसहित तोकिएको खोप केन्द्रबाट खोप सेवा लिन र विद्यार्थीलाई खोप लगाउन आवश्यक सहयोग गर्न हुन शैक्षिक र स्वास्थ्य संस्थालाई अनुरोध गरेको छ। (स्रोतः नागरिक दैनिक, भाद्र १०, २०७८) https://nagariknews.nagariknetwork.com/education/608641-1629989731.html

- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले १२ देखि १८ बर्ष उमेरसमूहका बालबालिकाका लागि पौषसम्ममा फाइजरको खोप आइसक्ने जनाएको छ। त्यसैगरी, मन्त्रालयले यस अघि बालबालिकाका लागि ४० लाख मोर्डनाको खोपका लागि सम्झौता भइसकेको र यसका लागि विश्व बैंकले पैसा भुक्तानी गरिसकेको जनाएको छ। (स्रोतः हेल्थ पोस्ट, भाद्र १५, २०७८)

- विश्व स्वास्थ्य संगठनले ग्लोबल सोलिडारिटी प्लस ट्रायल कार्यक्रम अन्तर्गत प्रयोगमै आइरहेका तीन वटा औषधि कोरोना संक्रमितका लागि परीक्षणका रुपमा प्रयोग गर्ने तयारी गरेको जनाएको छ। उपचारका लागि विज्ञहरुको टोलीले आर्टिसुनेट, इमातिनिब र इन्फिक्सिम्याब औषधि छानेका हुन्। आर्टिसुनेट गम्भीर मलेरियाका बिरामीलाई प्रयोग गर्ने गरिएको छ भने इमातिनिब क्यान्सर र इन्फिक्सिम्याब औषधी क्रोहोन्स डिजिज, रुमेटिक आर्थराइटिस र इम्युन सिस्टम डिस्अर्डरका लागि प्रयोग गर्ने गरिएको छ। यस कार्यक्रममा हजारौं अनुसन्धानकर्ता, ५२ वटा देशका ६०० भन्दा बढि अस्पतालहरु संलग्न भएको र उक्त औषधि ट्रायलका लागि उत्पादकहरुले अनुदानमा दिएको बताईएको छ। (हेल्थ पोस्ट , भाद्र १५, २०७८)

  https://www.healthpostnepal.com/2021/08/31/45856/

## प्रादेशिक खबरहरु

- कोभिड-१९ को दोस्रो लहरको सुरुवाती बेला 'हटस्पट' बनेको बाँकेमा अहिले पुनः संक्रमण दर फैलिँदै गएको जिल्ला स्वास्थ्य कार्यलयले जनाएको छ। दोस्रो लहरको संक्रमण पूर्ण रुपले नियन्त्रणमा नआउँदै संक्रमण बढ्न थालेको छ। जिल्लामा कोभिड-१९ संक्रमितले अस्पतालका शैय्या भरिँदै गएका छन्। नेपालन्जस्थित भेरी अस्पतालमा उपचारका लागि आउने संक्रमितको संख्या दैनिक रुपमा बढिरहेको छ। अस्पतालमा आउने संक्रमितहरु अधिकांस गम्भीर खालका र उपचारकै क्रममा मृत्यु हुने गरेको स्वास्थ्यकर्मीले बताएका छन्। (स्रोतः नागरिक दैनिक, भाद्र ६, २०७८)

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
लुम्बिनी प्रदेश
मुकामः बुटवल, नेपाल

## अन्तर्राष्ट्रिय विषयबस्तुहरु

- विश्व स्वास्थ्य संगठनका प्रमुख वैज्ञानिक डा. सौम्या स्वमिनाथनले भारत कोभिड-१९ को स्थानिक संक्रमणको (इन्डेमिक) अवस्थामा पुगेको हुन सक्ने बताएकी छन्। भारतमा कोभिड-१९ को दैनिक संक्रमितको संख्या अप्रिल महिनामा चार लाख रहेकोमा गतहप्ता २५,००० मा झरेको छ। अहिले भारतमा कोभिड-१९ को संक्रमणमा कमि आएको र निषेधाज्ञाहरु खुकुलो पारिएको छ। उनले यही अवस्थालाई मध्यनजर गर्दै यस्तो भनाई राखेकी हुन्। तर विज्ञहरु निरन्तर रुपमा सावधानीको लागि सुझाव दिईरहेका छन् र तेस्रो लहरको सम्भावना अझै रहेको जनाएका छन्। नयाँ भेरियन्टको जोखिम तथा भारतको विशाल जनसङ्ख्यालाई मध्यनजर गर्दा, अहिले नै स्थानिक संक्रमणको अवस्था सांचिकै हो वा होइन भन्ने प्रश्न कायम रहेको बताईएको छ। (स्रोतः बीबीसी न्यूज, २६ अगष्ट, २०२१) https://www.bbc.com/news/world-asia-india-५८३०२४८०
- अस्ट्रेलियामा कोभिड-१९ को डेल्टा भेरियन्टको सङ्क्रमण बढे संगै त्यहाँका आदिवासी समुदायहरुमा पनि पहिलो पटक संक्रमण देखिन थालेको स्थानीय चिकित्सकले बताएका छन्। न्यू साउथ वेल्स नजिकको करिब ७५० जनसङ्ख्या रहेको दुर्गम आदिवासी बस्ती, विल्कानियामा ६० जना भन्दा बढी कोभिड-१९ संक्रमित भएका छन्। यो तथ्याङ्कले यी आदिवासी बस्तीहरु कोभिड-१९ को अति जोखिममा रहेको देखाएको छ। आदिवासी समुदायमा कोभिड-१९ को पूर्व तयारी नभएको, समुदायमा अवस्थित अस्पताल तथा स्वास्थ्य संस्थामा कोभिड-१९ प्रतिकार्यका लागि आवश्यक पर्याप्त स्वास्थ्य सुबिधा र स्वास्थ्यकर्मीहरु नभएको र कोभिड-१९ विरुद्धको खोप लगाउने सङ्ख्याको कमिले गर्दा पनि यो समुदाय संक्रमणको उच्च जोखिममा रहेको स्वास्थ्यकर्मीले बताएका छन्। (स्रोतः बीबीसी न्यूज, अगस्ट ३१, २०२१) https://www.bbc.com/news/world-australia-५८३८०८२७

## कोभिड-१९ खोप सम्बन्धि जानकारी

- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले समुदाय स्तरमा कोभिड-१९ विरुद्धको म्याद सकिएको खोपको प्रयोग भइरहेको अफवाह फैलिएको प्रति ध्यानाकर्षण भएको जनाएको छ। मन्त्रालयले भाद्र ११ गते एक सूचना जारी गर्दै म्याद सकिएका कोभिड-१९ विरुद्धको खोपको प्रयोग नगरिएको स्पष्ट पारेको छ। (स्रोतः नागरिक दैनिक, भाद्र ११ २०७८) https://nagariknews.nagariknetwork.com/health/६०९५७१-१६३००७४०९१.html
- भारतको औषधि नियामक निकायले आपत्कालीन प्रयोगका लागि कोभिड-१९ विरुद्ध निर्मित विश्वको पहिलो डीएनए खोपलाई स्वीकृति प्रदान गरेको छ। तीन मात्रा दिनुपर्ने जाईकोभ-डी (ZyCoV-D) नामक उक्त खोप लिएका ६६ प्रतिशत मानिसमा लक्षणयुक्त सङ्क्रमण हुन नपाएको खोप उत्पादन गर्ने कम्पनी क्याडिला हेल्थकेयरले गरेको एउटा अध्ययनमा उल्लेख गरेको छ। उक्त कम्पनीले प्रत्येक वर्ष एक करोड २० लाख मात्रा खोप उत्पादन गर्ने योजना बनाएको छ। यो भारतमै निर्मित दोस्रो कोभिड खोप हो। (स्रोत : बीबीसी नेपाली न्यूज, अगस्ट २१, २०२१) bbc.com/nepali/news-५८२९०३६३

## कोभिड-१९ र प्राकृतिक प्रकोप

- केहि दिन देखि परेको अविरल वर्षाका कारण यस प्रदेशका रुपन्देही, कपिलवस्तु, नवलपरासी (सुस्ता बर्दघाट पश्चिम), अर्घाखाँची, बर्दिया, गुल्मी र पाल्पा जिल्ला बढी प्रभावित भएका छन्। अविरल वर्षाका कारण रुपन्देही, कपिलवस्तु र नवलपरासीका विभिन्न ठाउँ डुबानमा परेका छन्। कतिपय स्थानमा पहिरोले सडक अवरुद्ध गरेको छ। मौसमी पूर्वानुमान महाशाखाले श्रावण अन्तिम साता जारी गरेको बुलेटिनमा प्रदेश नं १, प्रदेश नं २, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको र पहाडी भूभागमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम समेत रहेकाले सतर्कता अपनाउन अनुरोध गरिएको थियो। (स्रोतः बुटवल टुडे र लुम्बिनी टाइम्स, भाद्र ११, २०७८)
  https://www.lumbinitimes.com/samacara/१२३२९
- रुपन्देहीको बुटवल उपमहानगरपालिका—३ स्थित ज्योतिनगरमा २३ वर्षपछि चुरे पहाडको पहिरो झरेर सिङ्गो बस्ती नै प्रभावित पारेको छ। दुई दिनदेखि परेको लगातारको वर्षाका कारण भाद्र १३ गते बिहानदेखि बस्तीमाथि रहेको चुरे पहाडबाट खसेको पहिराले त्यस क्षेत्रका तीन दर्जनभन्दा बढी घरमा क्षति भएको छ। वर्षाका कारण सोमबार थप सात घरमा क्षति पुगेको इलाका प्रहरी कार्यालय बुटवलले जनाएको छ। चुरे पहाडबाट झरेको लेदोसहितको पहिरो त्यस क्षेत्रका अन्य धेरै घरमा पसेर क्षति पुर्‍याएको प्रहरीले जनाएको छ। (स्रोतः लुम्बिनी टाइम्स, भाद्र १४, २०७८) https://www.lumbinitimes.com/special/१२५२६
- गुल्मीको मालिका गाउँपालिकामा रहेको दुनाम गाउँ, साविक घमिर गाविसको टुनिखोलाको दलित बस्ती र भरभुङ्गको सिलिङ्गकोटको बस्ती पहिरोको जोखिममा रहेता पनि यहाँका बासिन्दालाई सुरक्षित स्थानमा सार्नेतर्फ तीनै तहको सरकारको ध्यान जान नसकेको स्थानीयवासीको भनाई छ। (स्रोतः रातोपाटी, भाद्र १५, २०७८) https://ratopati.com/story/१९७०५०/२०२१/८/३१/pahiro

**Recommendations:**

- चाडपर्वहरु नजिकिदै गर्दा बजार तथा ग्रामीण क्षेत्रमा भिडभाड र चहलपहल निकै हुने हुँदा कोभिड-१९ को संक्रमणको जोखिम उच्च हुन्छ। संक्रमण रोक्ने एकमात्र उपाय भनेको जनस्वास्थ्यका मापदण्ड पालना गर्नु नै रहेकाले हरेक नागरिकले अनिवार्य रुपमा यसलाई पालना गर्नुपर्ने हुन्छ।
  - अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कने र निस्कनुपरेमा नाक मुख राम्ररी छोपिने गरी मास्कको प्रगोग गर्ने,
  - बाहिर-बजार, बैंक, सार्वजनिक यातायात, पसल, आदि भिडभाड बढि हुने ठाउँहरुमा जाँदा/हुँदा भौतिक दुरी कायम गर्ने,
  - बेलाबेलामा साबुन पानीले हात धोइरहने वा स्यानिटाइजरको प्रयोग गर्ने।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
लुम्बिनी प्रदेश
मुकामः बुटवल, नेपाल

- बाढी पहिरो प्रभावित क्षेत्रमा मानिसहरुको भिडभाड हुने हुँदा कोभिड-१९ को संक्रमणलाई ध्यानमा राखी जनस्वास्थ्यका मापदण्डहरु पालना गर्ने। कोरोना संक्रमण वा कोरोनासंग मिल्दाजुल्दा लक्षणहरु देखापरेमा आइसोलेसनमा बसिरहनु भएकाहरुले ध्यान दिनुपर्ने कुराहरु;
  - बाढी पहिरोबाट विस्तापित हुनु परेमा अस्थायी बसोबास स्थलमा समेत आफुलाई अलगै राख्ने
  - अस्थायी बसोबास स्थलमा सामुहिक रुपमा बस्नु परेमा अरुलाई आफ्नो सम्पर्कमा आउन नदिने
  - आफुले प्रयोग गरेका भाँडाखुँडा, कपडा र अन्य सामग्री छुट्टै राख्ने
  - संधै मास्क लगाएर र भौतिक दुरी कायम गरेर बस्ने, बेलाबेलामा साबुनपानी ले हात धोइरहने
  - सम्भव भए सम्म छुट्टै शौचालय प्रयोग गर्ने र आफुले प्रयोग गरेपनि सफा राख्ने
  - अन्य संक्रामक रोगहरुबाट बच्न खाने कुरा पकाएर खाने र पानी उमालेर मात्र पिउने
  - किट जन्य महामारीबाट बच्ने उपाय अवलम्बन गर्ने- झुल्को प्रयोग गर्ने
  - विस्थपित समुदायका जोखिममा परेका गर्भवती, सुत्केरी र नवजात शिशुको संरक्षण गर्ने।

**थप जानकारीका लागि सम्पर्क**

**डा. पुष्पराज पौडेल**
प्रवक्ता एवं सूचना अधिकारी
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, लुम्बिनी प्रदेश
drprpoudel@gmail.com